# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः ४ | २०८२ पौष ९

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भागः२

**प्रस्तावनाः** विद्यालयस्तर देखि नै बालवालिकाहरुको शारीरिक, मानसिक, वौद्विक र नैतिक क्षमतायुक्त मानव संसाधनको विकास गरी विभिन्न विधाका खेलहरुमा उच्च क्षमतावान र यो नगरपालिकालाई खेलकुदको क्षेत्रमा अब्बल सावित गरी जिल्ला प्रदेश एवम् राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रतिस्पर्धा गरी पदकहरु हासिल गर्न सहयोग पुर्याउने उद्देश्यले दुल्लू नगरपालिका भित्रको खेलकुद सम्बन्धी गतिविधिलाई थप व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगरपालिकाको मिति २०८२।०८।११ को ७६ औं कार्यपालिकाको बैठकबाट स्वीकृत गरि यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “दुल्लू नगरपालिकाको खेलकुद प्रशिक्षक व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “क्लब” भन्नाले प्रचलित कानुन वमोजिम दर्ता भई खेलकुद गतिविधि संचालन गर्ने उद्देश्यले संचालित क्लबलाई सम्झनु पर्नेछ ।

(ख) “नगरपालिका” भन्नाले दुल्लू नगरपालिका दुल्लू दैलेखलाई सम्झनु पर्दछ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले दुल्लू नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) “प्रशिक्षक” भन्नाले यस कार्यविधि वमोजिम नियुक्ति गरिएका खेलकुद प्रशिक्षकलाई जनाउँदछ ।

(ङ) “बरिष्ठ शिक्षा अधिकृत” भन्नाले दुल्लू नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार तथा दुल्लू नगरपालिकाबाट सामुदायिक विद्यालयको रुपमा मा कार्यरत स्थायी, अस्थायी, करार वा ज्यालादारीमा कार्यरत सवारी साधन जिम्मा लिइ प्रयोग गर्ने कर्मचारी वा जन प्रतिनिधि सम्झनु पर्छ ।

३. <u>**खेलकुद प्रशिक्षक परिचालनका आधारहरु:**</u> प्रशिक्षकहरु परिचालन गर्दा देहायका विषयहरुलाई आधारका रुपमा लिइनेछ ।

(१) राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुदको अवधारणालाई कार्यान्वयनमा ल्याउन विद्यालय तहदेखि नै खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा समावेश गरी खेलमैत्री स्वास्थ्य वातावरणको सिर्जना गर्ने खालका खेलक्षेत्रहरु ।

(२) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तयारी तथा व्यवस्थापन र अन्य प्रकारका नगरपालिकामा संचालन हुने खेलहरु व्यवस्थित रुपमा सञ्चालन गर्न ।

(३) अनुशासित र मर्यादित समाज बनाउन तथा खेलकुद कार्यक्रमलाई स्थानीय तहदेखि नै सञ्चालन गरी “सबैको लागि खेलकुद” भन्ने भावनाको विकास गर्न ।

४. <u>**खेलकुद प्रशिक्षक परिचालनका क्षेत्रहरु:**</u>

१) नगरपालिका भित्रका माध्यमिक तह संचालन भएका विद्यालयहरुमा प्रति विद्यालय कम्तिमा १० दिन खेलकुद प्रशिक्षण गराउने,

२) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि तयारी तथा सञ्चालनमा सहयोग गर्ने,

३) नगर खेलकुद विकास समितिले आयोजना गरेका सम्पूर्ण खेलहरु सञ्चालनमा सहयोग गर्ने,

४) नगरपालिका भित्रका खेलकुद सम्बन्धी अन्य गतिविधिहरुमा सहभागी हुने ।

५) नगरपालिकामा १५ वटा माध्यमिक विद्यालय भएको र अन्य खेलकुद सम्बन्धी कार्यक्रमहरु धेरै गर्ने योजना भएकाले २ जना खेलकुद प्रशिक्षक व्यवस्थापन गर्ने ।

५. <u>**खेलकुद प्रशिक्षक छनौट प्रक्रिया:**</u> खेलकुद प्रशिक्षक छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ।

**५.१) न्यूनतम् योग्यताः**

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) कम्तिमा प्रदेशस्तरको रेफ्रि तालिम प्राप्त गरेको,

(ग) जुनसुकै विधामा भएपनि साविकको क्षेत्रीय/प्रदेशस्तरको खेलमा सहभागी भएको वा स्नातक तहमा शारीरिक शिक्षा अध्ययन गरेको,

(घ) २१ बर्ष पुरा भएको दुल्लू नगरपालिकाको स्थायी बासिन्दा भएको,

(ङ) निरोगिताको प्रमाणपत्र भएको ।

(च) उम्मेद्वारको योग्यता मूल्याँकनको आधार तथा प्रशिक्षक छनौटका लागि अन्तवार्ता अनुसूची १ बमोजिम हुनेछ ।

**५.२) छनौट प्रक्रिया तथा सेवा नविकरणः**

(क) खेलकुद प्रशिक्षक छनौटका लागि कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने।

(ख) दर्ता हुन आएका निवेदनहरु माथि अनुसूची १ बमोजिम कारबाही गरी सेवा खरिदका लागि नगरपालिकालाई सिफारिस गर्ने ।

(ग) नगरपालिकाले तोकिएको ढाँचामा कार्य विवरण सहित तोकि सेवा खरिदका लागि दोहोरो सम्झौता गर्न सक्नेछ ।

(घ) नगरपालिकाले आवश्यकता देखेमा खेलकुद विकास समितिको निर्णय अनुसार आगामी वर्षहरुमा समेत निजहरुसँग नै सेवा खरिद गर्न सक्नेछ ।

६. **खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिः** (१) खेलकुद प्रशिक्षक छनौट, परिचालन तथा व्यवस्थापन गर्नका लागि देहाय वमोजिमका पदाधिकारीहरु रहेको एक खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीः संयोजक

(ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य

(ग) नगर खेलकुद विकास समितिको सदस्य सचिवः सदस्य सचिव

(घ) उपदफा (१) को समितिमा आवश्यकता अनुसार समितिले विज्ञ सदस्यहरु आमन्त्रण गर्न सक्नेछ।

७. **खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नगर कार्यपालिकाको निर्णय एंव निर्देशन बमोजिम खेलकुद प्रशिक्षकको सेवा खरिदका लागि सूचना प्रकाशन गर्ने,

ख) पेश हुन आएका दरखास्त उपर कारबाही गरी अनुसूची १ बमोजिम मूल्याँकन गरी सेवा खरिदको सम्झौताका लागि नगरपालिकालाई सिफारिस गर्ने ।

ग) खेलकुद प्रशिक्षकलाई विद्यालयमा प्रशिक्षण गर्नका लागि कार्य योजना तयारी तथा स्वीकृत गर्ने,

घ) खेलकुद प्रशिक्षकका कार्यहरुको अनुगमन तथा मुल्याँकन गर्ने,

ङ) नगर खेलकुद विकास समितिसँगको समन्वयमा अन्य कार्यहरु गर्ने,

च) नगरपालिकाले तोकिए अनुसारका अन्य कार्यहरु गर्ने ।

८. **खेलकुद प्रशिक्षकको शर्त, सुविधा तथा कार्यविवरणः** (१) यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकको सेवा, शर्त, सुविधा देहाय बमोजिम हुनेछ ।

क) दुल्लू नगरपालिकाले खेलकुद व्यवस्थापनका लागि विनियोजित वार्षिक बजेट (आन्तरिक स्रोत वा राजश्व बाडफाँड) मध्येबाट नगर खेलकुद विकास समितिको निर्णय बमोजिम प्रशिक्षक परिचालन शिर्षकमा वजेट विनियोजन गरी तोकिए अनुसार सुविधा प्रदान गर्नुपर्नेछ ।

ख) खेलकुद प्रशिक्षकहरु परिचालन भएको दिनमा प्रति दिन रु १६००।०० का दरले नियमानुसार सामाजिक सुरक्षा कर वापतको रकम कट्टा गरी प्रदान गरिनेछ ।

ग) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन हुनु अगावै प्रत्येक माध्यमिक विद्यालयमा १ जना प्रशिक्षक १२ दिन विद्यालयमा उपस्थित भई शिक्षक/ विद्यार्थीलाई प्रशिक्षण गर्नुपर्नेछ ।

घ) नगरपालिकाले संचालन गरेको राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम तथा अन्य खेलकुद सम्बन्धी कार्यक्रममा खेलकुद प्रशिक्षकलाई प्रयोग गरे वापत कार्यक्रमको पूर्व तयारी तथा कार्यक्रम सम्पन्न पश्चात सरसफाई, सामाग्री व्यवस्थापन सहित कार्यक्रम अवधि सहित थप ४ दिनको सुविधा प्रदान गरिनेछ ।

ङ) नगरपालिका अन्तर्गतका विद्यालयहरुमा ३० दिन कार्य गरे वापत प्रति व्यक्ति १० (दश) लिटरका दरले ईन्धन सुविधा उपलब्ध गराईनेछ ।

च) निजहरु कुनै नगरपालिकाको बैठकहरुमा सहभागी भए सोहि समितिका पदाधिकारी सरह बैठक भत्ता प्रदान गरिनेछ ।

छ) निजहरुले काम गरेको दिनको कार्य विवरण र दैनिक हाजिरी नगर खेलकुद विकास समितिको सदस्य सचिवबाट सिफारिस गराई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

ज) नगर खेलकुद विकास समितिलाई प्रशिक्षकको काम सन्तोषजनक नलागेमा तत्काल समितिको निर्णय बमोजिम करार सम्झौता भंग गर्न सक्नेछ ।

९. **खेलकुद प्रशिक्षकको आचार संहिताः** (१) खेलकुद प्रशिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

क) खेलकुद प्रशिक्षकले राजनैतिक क्रियाकलापमा संलग्न हुनुहुदैन र कार्य सम्पादन गर्दा आफ्नो राजनैतिक प्रभाव पर्न दिनुहुँदैन ।

ख) खेलकुद प्रशिक्षकले आफुलाई दिइएको जिम्मेवारी इमान्दारितापूर्वक पूरा गर्नुपर्नेछ ।

ग) खेलकुद प्रशिक्षकले अनुशासित भई शिष्ट र विधिसम्मत व्यवहार अवलम्वन गर्दै आफूलाई आदर्शवान र नमुना पात्रको रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

घ) सामाजिक सद्भाव र शान्ति व्यवस्था तथा वातावरणिय अनुकुलनतामा खलल पुर्याउने कार्य गर्न पाइने छैन ।

ङ) नगरपालिकाको समग्रक्षेत्रमा बृहत्तर हितमा आघात पुग्ने गरी कुनै कार्य गर्न पाइने छैन।

च) खेल प्रशिक्षणका क्रियाकलापमा नगर खेलकुद विकास समिति तथा खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको निर्देशन पालना गर्नुपर्नेछ ।

छ) नगरपालिकाको निर्देशन वमोजिम अन्य कार्यहरुमा समेत सहयोग गर्नुपर्नेछ ।

ज) नगरपालिकाको समग्र खेलक्षेत्रमा मुख्य जिम्मेवार हुनुका साथै उत्तरदायी हुनुपर्नेछ ।

झ) खेल प्रशिक्षणको समयमा मध्यपान, धुम्रपान गर्न पाईनेछैन।

१०. **खेलकुद प्रशिक्षकको अनुगमन तथा आवश्यक निर्देशनः** (१) खेलकुद प्रशिक्षकको अनुगमन तथा आवश्यक निर्देशन दुल्लू नगरपालिका, नगर खेलकुद विकास समिति, खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति वा उक्त समितिहरुबाट खटाइएका व्यक्तिहरुबाट गरिनेछ।

११. **बाधा अड्काउ फुकाउः** (१) यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइ परेमा खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले फुकाउनु पर्नेछ ।

१२. **कार्यविधि संशोधनः** (१) यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसूची – १

उम्मेद्वारको योग्यता मूल्याँकनका आधार

| क्र.स. | मूल्याङ्कनका आधार | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | २५ | |
| क | न्यूनतम् शैक्षिक योग्यता | प्रथमः १०<br>द्वितीयः ९<br>तृतीयः ८ | |
| ख | माथिल्लो शैक्षिक योग्यता | प्रथमः ५<br>द्वितीयः ४<br>तृतीयः ३ | |
| ग | कम्तिमा प्रदेशस्तरको रेफ्रि तालिम प्राप्त गरेको भए | ५ | |
| घ | जुनसुकै विधामा भएपनि साविकको क्षेत्रीय/प्रदेशस्तरको खेलमा सहभागि भएको वा स्नातक तहमा शारीरिक शिक्षा अध्ययन गरेको भएमा | ५ | |
| २ | अन्तर्वाता परीक्षा | २५ | |
| क | खेलकुद सम्बन्धी निययहरुको बारेमा जानकारी | ५ | |
| ख | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्बन्धी जानकारी | ५ | |
| ग | शारीरिक तन्दुरुस्ती | ५ | |
| घ | विनम्रता तथा स्वयंसेवी भावना | ५ | |
| ङ | विषयवस्तुको ज्ञान तथा प्रस्तुतीकरण | ५ | |
| | जम्मा | ७५ | |

अनुसूची - २

(दफा ५.२ को उपदफा (ग) सँग सम्बन्धित)

सम्झौताको ढाँचा

दुल्लू नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुल्लू दैलेख र खेल प्रशिक्षक बीच गरिएको सम्झौता पत्र

लिखतम् तपसिलका पक्षहरु आगे दुल्लू नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुल्लू दैलेख (जसलाई यसपछि प्रथम पक्ष भनिने) र दैलेख जिल्ला दुल्लू नगरपालिका वडा नं. ....... बस्ने बर्ष .... को श्री ................... (यसपछि दोस्रो पक्ष भनिने) का बीच मिति ............................ मा भएको सम्झौता पत्र

१) दोस्रोपक्षले गर्नुपर्ने मूख्य मूख्य कार्यको विवरणः
   - क) आफुलाई खटाइएको क्षेत्र अन्तर्गतका विद्यालयहरु, खेलस्थल वा वडाहरुमा गई खेलकुद प्रशिक्षण गराउने ।
   - ख) खेलकुद प्रशिक्षण गराउँदा उक्त क्षेत्रमा योग्य खेलाडीहरु तयार हुन सक्ने उच्च सम्भावना भएका खेललाई विशेष प्राथमिकता दिने ।
   - ग) किशोर किशोरीहरुमा धेरै भन्दा धेरै खेलको जानकारी गराई खेल अनुशासनको विकास गराउने ।
   - घ) विभिन्न निकायहरबाट सञ्चालित खेलकुद कार्यक्रममा सहभागिताका लागि उत्प्रेरित गर्ने ।
   - ङ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि कार्य योजना बमोजिम माध्यमिक तह संचालन भएका विद्यालयमा गई प्रशिक्षण गर्ने ।
   - च) नगरपालिकाले आयोजना गरेका अन्य खेलकुदका कार्यक्रम र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।
   - छ) आफुले प्रशिक्षण गरेको दैनिक कार्य विवरण, दैनिक हाजिरी र कार्यक्रम सम्बन्धी प्रगति प्रतिबेदन मासिक रुपमा दुल्लू नगरपालिका र खेलकुद विकास समिति समक्ष पेश गर्ने ।
   - ज) विद्यालयमा खेलकुद प्रशिक्षण गर्दा विद्यालयको आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँगको समन्वयमा संचालन गर्ने ।
   - झ) दुल्लू नगरपालिकाको खेलकुद विकास समिति र खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

२) बुँदा नं. १ मा उल्लेखित सेवा उपलब्ध गराए बापत प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने सेवा सुविधाहरु देहाय बमोजिम हुनेछन् ।

क) दोस्रो पक्षले आफुले प्रशिक्षण गरेको दैनिक कार्य विवरण, दैनिक हाजिरी र कार्यक्रम सम्बन्धी प्रगति प्रतिबेदन नगर खेलकुद विकास समितिको सिफारिस सहित मासिक रुपमा दुल्लू नगरपालिकामा पेश गरेको खण्डमा कार्यविधिको दफा ८ बमोजिमको सुविधा उपलब्ध गराउने छ ।

ख) अन्य कुनै निकायको आयोजनामा दोस्रो पक्षले कार्य गरेको भएमा उल्लेखित सुविधा उपलब्ध गराइने छैन ।

ग) तोकिएको ढाँचामा तोकिए बमोजिमका कागजातहरु प्राप्त भए पश्चात मात्र सुविधा भुक्तानी हुनेछ ।

घ) दोस्रो पक्षले सुविधा भुक्तानी माग गर्दा दैनिक कार्य विवरण, दैनिक हाजिरी, कार्यक्रम सम्बन्धी प्रगति प्रतिबेदन, प्रशिक्षण गरेको विद्यालयको पत्र सम्बन्धित व्यक्तिको निवेदन लगायतका प्रमाणित कागजात संलग्न राख्नु पर्नेछ ।

३) दोस्रो पक्षले आफ्नो क्षेत्रमा रहन आउने प्रथम पक्षको चल अचल सम्पत्तिको हिफाजत साथ प्रयोग गरी कार्य सम्पन्न पश्चात प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

४) दोस्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षले तुरुन्त निर्णय पारीत गरी सम्झौता भंग गर्न सक्नेछ ।

५) प्रथम पक्षलाई हानी हुने कार्य गरेमा, अनुशासनहिन देखिएमा, कानुन विपरीतका कार्य गरेमा वा सम्झौता विपरीत कार्य गरेमा जुनसुकै बेला यो सम्झौता भंग गर्न सकिनेछ । हानी नोक्सानीको क्षतिपूर्ति कानून बमोजिम असुल उपर गर्न यो सम्झौताले बाधा पुर्याउने छैन ।

६) यो सम्झौता मितिः ............................. देखि मितिः ........................................ सम्म कायम रहनेछ ।

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

मितिः

कार्यालयको छापः

**दोस्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

मितिः

**रोहवरः**

नामः

शिक्षा युवा तथा खेलकुद शाखा

नामः

नगर खेलकुद विकास समिति

ईति सम्वत् २०.... साल ....... महिना ...... गते रोज .......... शुभम् ।

अनुसूची - ३

(दफा ८ को उपदफा (च) सँग सम्बन्धित)

खेलकुद प्रशिक्षकले तयार गर्नुपर्ने दैनिक कार्य विवरणको ढाँचा

खेलकुद प्रशिक्षकको नामः

अवधिः देखि ............................................. सम्म ...........................................................

कार्य विवरण

| क्र.स. | कामको विवरण | काम गर्ने स्थान | काम गर्ने अवधि | मुख्य क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

पेश गर्नेः

प्रशिक्षकको दस्तखतः

मितिः

सिफारिस गर्नेः

दस्तखतः

नामः

पदः

मितिः

सदर गर्नेः

दस्तखतः

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः

कार्यालयः दुल्लू नगरपालिका दैलेख

अनुसूची - ४

(दफा ८ को उपदफा (च) सँग सम्बन्धित)

खेलकुद प्रशिक्षकको दैनिक तयार गर्नुपर्ने हाजिरीको ढाँचा

खेलकुद प्रशिक्षकको नामः

अवधिः देखि ............................................. सम्म ..........................................................

| प्रशिक्षकको नाम | काम गरेको महिनाः .................... गते | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ...... | ३० | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

प्रशिक्षकले तयार गरेको हाजिरी ठिक छ भनि सिफारिस गर्नेः

नामः

पदः

दस्तखतः

मिति

प्रशिक्षकको हाजिर अवधिमा प्रशिक्षकले सम्पादन गरेका कार्यहरुको पूर्ण विवरण सिफारिस गर्ने पदाधिकारीहरुले यस कोलममा खुलाउनु पर्नेछ ।

हाजिर प्रमाणित गर्नेः

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

मितिः

कार्यालयः दुल्लू नगरपालिका दैलेख

आज्ञाले

पदम बहादुर बुढा(क्षेत्री)

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८२।०९।०९